# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०८।०२ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको ।**

अस्थायी प्रहरी पोष्ट, कठुधार महोत्तरीमा कार्यरत प्रहरी सहायक निरीक्षक बृजेशप्रसाद चौधरीले नेपाल भारत सीमा बजारबाट घरमा प्रयोग गरिने सामान खरिद गरी ल्याउन सहज गराइदिन्छु भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासबाट खटिई गएको टोलीले निज प्रहरी सहायक निरीक्षक बृजेशप्रसाद चौधरीलाई सेवाग्राहीसँग रु.१३,०००।–(तेह्र हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा उक्त घुस रकम सहित नियन्त्रणमा लिएको थियो ।

अस्थाई प्रहरी पोष्ट कठुधार महोत्तरीमा कार्यरत प्रहरी सहायक निरीक्षक बृजेश प्रसाद चौधरीले नेपाल-भारत सीमा बजारबाट घरमा प्रयोग गर्ने नुन, तेल, चिनी लगायतका सामानहरु खरिद गरी ल्याउने क्रममा उक्त सामानहरु ल्याउन सहज गराइदिन्छु भनी घुस/रिसवत बापत रु.३५,०००।–रकम माग गरी सोही दिन लिएको रु.१९,१००।–(उन्नाइस हजार एक सय) र मिति २०७६/०६/३० गते घुस रिसवतबापत अघिल्लो दिनको बाँकी रु. १३,०००।–(तेह्र हजार) गरी कुल विगो रु.३२,१००।- (बत्तीस हजार एक सय) घुस/रिसवत बापत लिई निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले निज प्रहरी सहायक निरीक्षक बृजेश प्रसाद चौधरी उपर विगो रु.३२,१००।- (बत्तीस हजार एक सय) कायम गरी निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही ऐनको दफा ३ को उपदफा (१)को खण्ड (ख) वमोजिम कैद र जरिवाना हुन र सेवाग्राहीसँग घुस रिसवत वापत लिएको रकम रु.१९,१००।-(उन्नाइस हजार एक सय) निज आरोपितवाट असुल उपर गरी जफत हुन मागदावी लिईएको ।

साथै उजुरीकर्ता/निवेदक संजित कुमार यादवले मिति २०७६/०६/२९ गते आरोपितलाई घुस रिसवतबापत रु.३५,०००।–(पैतीस हजार) दिने सहमति समेत गरी तत्कालै रु.१९,१००।–(उन्नाइस हजार एक सय) घुस/रिसवत बापत दिएको देखिन आई निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा 3 को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुनुपर्ने देखिन आए तापनि निजले सो समयमा निजले घुस/रिसवत बापत मागे वमोजिम रु.३५,०००।–(पैतीस हजार) रकम सबै नबुझाई आरोपितलाई कानुन वमोजिम कारवाही गराउने मनसायले बाँकी रहेको रु.१५,०००।- मध्ये रु.१३,०००।–(तेह्र हजार) रकम घुस रिसवतबापत दिने समयमा आयोगको कार्यालय वर्दिवासमा सूचना दिई अनुसन्धानको क्रममा समेत सम्पूर्ण व्यहोरा खोली सहयोग गरेको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायमा पूर्ण छुटको मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा मुद्दा दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**

**प्रवक्ता**